दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १०४ | बुटवल | २०८२ चैत ३० गते, सोमबार | नेपाल संवत ११४६ | Monday April 13, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????
??????

????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????

????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????

## सूचना केका लागि ?

**नागरिक सुसूचित हुन के एउटा सञ्चारमाध्यम मात्र पर्याप्त छ ?**

**पाठक–श्रोतावर्ग विभिन्न सञ्चारमाध्यमबाट सूचना पाएर सन्तुष्ट हुन्छन्, तर सरकारी सूचनाका लागि सरकारी सञ्चारमाध्यमकै मात्र भर पर्ने बनाउनु उनीहरुको अधिकार खोस्नुसरह होइन र ?**

**समाचारका स्रोत फरक–फरक भए पनि सूचना र विज्ञापनको स्रोत एउटै हुनुपर्ने नीति सही हो ?**

**घरभित्र चोर पसेमा चोरलाई भित्रै थुनेर आगो लगाउने कि चोर समातेर कानुनी उपचार गर्ने ?**

**सरकारी सूचना, सरकारी ठेक्कापट्टाका सबै बोलपत्र सरकारी सञ्चारमाध्यममा मात्र प्रेषित गरी आफ्ना ठेकेदार र सीमित वर्गलाई मात्र पोषण गर्न खोजेको हो कि भन्ने प्रश्न र भाष्य खडा भएको छैन र ?**

**संविधानले जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरेको भए पनि सरकारी सूचनाका हकमा सञ्चारमाध्यममा सरकारी र गैरसरकारी भन्ने विभेदले संविधानप्रदत्त अधिकार हनन भएन र ?**

**अहिले गरिएको विभेदले यो सरकारको गैरसरकारी सञ्चारमाध्यमलाई आर्थिक बहिष्करणमा पार्ने नीतिले प्रेस स्वतन्त्रतालाई नै सङ्कुचित बनाउन खोजेको होइन र ?**

**नयाँ पुस्ताले भ्रष्टाचार निर्मूल पार्न र भ्रष्टाचारीलाई कारबाही गर्न आफ्नो मत दिएर बहुमत प्रदान गरेको सरकारले भ्रष्टाचार गर्नेलाई कारबाही गर्नुको साटो यो बन्देज लगाउनु कतिको सही कदम हो ?**

**सरकारी विज्ञापन र सूचना निषेधबाट निजी मिडियाको सङ्कुचनले मुद्रण व्यवसाय, कुरियर व्यवसाय, हकर व्यवसाय, आन्तरिक रोजगारी र भावी पुस्ताको पत्रकारिताको अध्ययन–अध्यापनलाई समेत अवरुद्ध गर्दैन र ?**

**(सरकारी सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशित र प्रेषित गर्ने-गराउने नयाँ सरकारको नीतिविरुद्ध निजी सञ्चारमाध्यमको संयुक्त प्रश्न ।)**

????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????
????????????????????????????

## सम्पादकीय

# विद्यार्थी संगठन खारेजीले निम्त्याउने जोखिम

सरकारले सुशासनका लागि तयार गरेको एक सय कार्यसूचीमा विद्यार्थी संगठनको खारेजी गर्ने पनि भनेको छ । राजनैतिक दल आबद्ध विद्यार्थी संगठनलाई क्याम्पस र विश्वविद्यालय हाताभित्र नराख्ने निर्णय आफैँमा उदेकलाग्दो छ ।

सरकार बहुदलीय प्रणालीअन्तर्गत भएको चुनावमा निर्वाचित भएको हो । यो सरकारलाई संवैधानिक मर्मविपरीत अघि बढ्ने छुट छैन । संविधानले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकको ग्यारेण्टी गरेको छ । हरेक नागरिकलाई विचार राख्न पाउने, राजनैतिक संगठनमा आबद्ध हुन पाउने संवैधानिक प्रबन्ध विरुद्ध विद्यार्थी संगठन खारेज गर्ने प्रपञ्च गरेर सरकारले गलत बाटो हिंडेको छ । सरकारको तर्कछ,– विश्वविद्यालयमा राजनीति भयो । राजनीतिक गतिविधिलाई रोक्दा शैक्षिक वातावरण राम्रो बन्छ । विश्वविद्यालयमा राजनीतिका नाममा भइरहेको गलत क्रियाकलापले शैक्षिक वातावरण बिथोलिएको हो । राजनीतिले सही लय समात्ने वित्तिकै शैक्षिक वातावरण खल्बलिंदैन । क्याम्पस र विश्वविद्यालय भनेका विचारका नर्सरी हुन् । विचारका नर्सरीलाई हुर्कन दिनुपर्छ । त्यहाँ विचारको बहस र छलफल हुनुपर्छ, त्यसका लागि आफूलाई मन परेको विद्यार्थी संगठनमा आबद्ध हुन पाउने हक हरेक विद्यार्थीलाई छ । संविधानले नै प्रबन्ध गरेको विषयलाई रोक्ने निर्णय कार्यान्वयन भए नेपालको लोकतान्त्रिक प्रणालीमाथि नै प्रश्न उठ्ने छ ।

शैक्षिक संस्थामा अहिले भइरहेका राजनैतिक गतिविधिलाई सुधार गर्नुको विकल्प छैन । कतिपय कमजोरीले राजनैतिक संगठन नै गलत छन् भन्ने होइन् । कमजोरीमा टेकेर सरकारले जुन अलोकतान्त्रिक गतिविधि गर्न खोज्दैछ, त्यो गतिविधिले अन्ततः मुलुकलाई विचारविहीन दिशातिर लैजानेछ । मुलुकमा मुठभेडको राजनीतिलाई मलजल गर्नेछ । त्यसो त झण्डै दुई तिहाईको सरकारले अहिले प्रतिशोध र मुठभेडको राजनीतिलाई अघि बढाइरहेको छ । दण्डहिनताको अन्त्य र सुशासनका नाममा अहिले भइरहेका प्रतिशोधपूर्ण क्रियाकलापले अन्ततः मुलुक नयाँ द्वन्द्वतर्फ अघि बढ्ने संभावना देखिंदैछ । मुलुकमा मुठभेड होइन्, सहकार्य र मेलमिलापमार्फत् राजनीतिलाई सही लयमा लैजानुपर्ने बेला सरकार एकांकी बनेको छ, त्यसले मुलुकलाई नै कमजोर बनाउने छ ।

अहिले विश्व राजनीति नै नयाँ मोडमा जाँदैछ, अमेरिका-इरान सहमतिको सम्भावना कमजोर हुँदै गर्दा त्यसको प्रभाव अब विस्तारित हुँदैछ । त्यो द्वन्द्वको असर हाम्रो दैलोमा आइपुगेछ । अब विश्व राजनीतिमा हाम्रो भूमिका के हो ? हामी कसरी अघि बढ्छौं ? यो जटिल राजनैतिक मोडमा सरकारले कसरी अघि बढ्ने सोंच्दैछ, अहिले सरकारको ध्यान त्यतातिर जानुपर्छ । त्यसका लागि राजनैतिक दलबिच घनिभूत छलफल हुन आवश्यक छ । त्यसो त यो सरकार गठन र केही बधाईलाई लिएर टिकाटिप्पणी भइरहेको छ । निर्वासित तिब्बती प्रमुख दलाई लामाको बधाईले सरकारप्रति छिमेक चीनले सन्देश राखिरहेको बेला छिमेकलाई विश्वासमा लिनु चुनौति बनेको छ । विश्व राजनीतिको भुमरीबाट मुलुकलाई बाहिर निकाल्न आन्तरिक एकता आवश्यक छ । त्यसका लागि अरु राजनैतिक दलसँगको सहज सम्बन्ध बनाउने काम सरकार र सत्तारुढ दल रास्वपाको हो ।

यो बेला विद्यार्थी संगठनका गतिविधि क्याम्पस र विश्वविद्यालयमा गर्न नदिने र उनीहरुलाई खारेज गर्ने होइन्, कमजोरी सुधार गर्न उनीहरुलाई सहजीकरण गर्न आवश्यक छ ।

# बैगुनी भनेर भोंपा लगाउन त भएन !



झपेन्द्र जिसी

अनेपेक्षित रूपमा गरिएको निर्वाचनमा एमाले कांग्रेस र अन्य पुराना दलहरु पराजित भए । विकास सडक, नहर, पुल, सुरुङ मार्ग, मानव कल्याणकारी थिति त ती दलहरुले बाँधेकै थिए । तर मतदाताले यत्ति चाँडै किन भुले । यो लेखकले बैगुनी भन्न त भएन । मित्रहरु जापान, चीनजस्ता देशहरू आफैंले बनाएर समृद्ध भए । अहिले त मालिक भएका छन् । विदेशीलाई पनि रोजगारी दिने अवस्थामा पुगे ।

सबै युवाहरु उत्पादन र निर्माणमा लागेर समृद्ध नेपाल बनाउनु पर्ने हो ! नेपालमा हिमाल, पहाड, चुरेपहाड र तराई मधेस छ । समुद्र सतह आसपास उत्पादन हुने फलफूल अन्न एक प्रकारका छन् । होंचा पहाड र चुरे क्षेत्रमा उत्पादन हुने फलफूल अन्न अर्का प्रकारका छन् ।

अनि उच्च पहाड र तल्लो हिमालमा उत्पादन हुने अन्न फलफूल अर्का प्रकारका छन् ।

उच्च हिमाली क्षेत्रमा उत्पादन हुने फलफूल र जडीबुटी अर्का प्रकारका छन् । हिमाली जडीबुटी यार्सा गुम्बा निलमसी आदि त झन् कति छन् कति ।

भौगोलिक विविधताले उक्त नेपाली भूगोलमा उत्पादन नहुने केही छैन । जे उत्पादन गर्न चाह्यो । त्यही उत्पादन गर्न सकिन्छ नेपालमा ।

वास्तवमा नेपाल त हाम्रा ऋषिमुनिहरुले परिकल्पना गरेको कल्पवृक्ष नै हो । कल्पवृक्षमा जे चितायो त्यही उत्पादन हुन्छ । अर्को शब्दमा मनचिन्ते देश हो नेपाल !

चाहना बमोजिमको फलफूल अन्न उत्पादन गर्न श्रमको दरकार पर्छ । जति शारीरिक श्रम गर्‍यो त्यति पसिना खल्खल्ती आउँछ । मानव शारीरिक रुपमा स्वस्थ बन्न थाल्छ । यी सबै उत्पादनका आधार हुन् । दीर्घायुको आधार पनि श्रम रहेछ ।

स्मरणीय छ । सन् १९४५ मा अमेरिकाले लिटिल बाय र फ्याटम्यान नामका बम प्रहार जापानको हिरोसिमा र नागासाकीलाई खरानी बनायो । द्वितीय विश्व युद्ध १९४५ मा सकियो ।

जापानीहरु ध्वस्त भएको जापानलाई आफैँले समृद्ध बनाउनुपर्छ भनेर लागे । राष्ट्र समृद्धिको अभियानमा के वृद्ध, के नौजवान, के महिला, के पुरुष सबै लागे । छोटै अवधिमा जापानलाई समृद्ध देशमा परिणत गरे । अहिले पनि उनीहरु देश अति समृद्ध बनाउन लागि नै रहेका छन् । त्यहाँ रोजगारीका समस्या छैन । उनीहरुको भौतिक निर्माण मात्र होइन माइक्रो इलेक्टोनिक्समा पनि हात बढाए । उच्च गुणस्तरीय रेडियो टेलिभिजन र रेलगाडी, मोटर गाडी निर्माण गरेर बाहिर निर्यात गरी पैसा आर्जन गरिरहेका छन् ।

यसरी नै हाम्रो उत्तरी छिमेकी देश चीन हो । उसको अस्तित्व निमिट्यान्न पार्न अमेरिका, तत्कालीन साम्राज्यवादी जापान, पश्चिमा युरोपियन पुँजीवादी देशहरुले संयुक्त आक्रमण गरे । प्रतिरोधी युद्ध गर्न कोमिन्ताङका नेता तथा सरकार प्रमुख च्याङकाइ शेकलाई चीनका क्रान्तिकारी कम्युनिष्ट नेता माओत्सेतुङले आह्वान गरे बमोजिम सम्झौता पनि भयो । तर धोखेवाज च्याङकाइशेक पुनः आक्रमणकारी शत्रु पंक्तिसँग नै मिल्न गयो । चिनियाँ कम्युनिष्ट पार्टीले सबै प्रतिक्रियावादीसँग लडाइ जारी राख्यो । अमेरिकी साम्राज्यवादी शक्ति जापानी र साम्राज्यवादी शक्ति पश्चिमा साम्राज्यवादी शक्तिको हार भयो । माओको नेतृत्वमा चीनले जित्यो । १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापना भयो । च्याङकाइ शेक भागेर चीनकै भूभाग ताइवाइन टापुमा गई बस्न थाल्यो ।

स्मरणीय छ, १९४९ मा मुक्त भएको चीनले आफ्नै बलबुता प्रविधिको निर्माण गरेर छोटो समयमा समृद्ध देश निर्माण गरिसकेको छ । चीन त महाशक्ति राष्ट्र बनिसकेको छ ।

प्रिय मित्र ! समृद्ध चीन र महाशक्ति राष्ट्र चीन विकास हुनुमा चिनियाँ नेता माओत्सेतुङ, चाउएनलाई देङस्यायो पिङ शि जिङ पिङहरुको मुख्य भूमिका रहेको छ । चीनलाई हाँक दिने हेप्ने चेप्ने अब कुनै साम्राज्यवादी शक्तिको तागत छैन ।

चीन समृद्ध र महाशक्ति राष्ट्र बन्नुमा चिनियाँ जनताकै हात र साथ छ । सारतः बनाउन चाहे बन्दोरहेछ-समृद्ध देश !

प्रिय मित्र ! मलाई एमालेको झोले नभन्नु होला ! म झोले होइन । तर यथार्थ कुरा बोल्नुपर्छ । नेकपा एमालेका नेता केपी शर्मा ओलीले चाहेको पनि यस्तै हो देशभित्रै काम गरौं । देश बनाऔं । नयाँ संविधान संविधानसभाबाट निर्माण गरी सुशील कोइराला, केपी ओली र तत्कालीन सबै नेताहरुको सहमतिमा २०७२ सालमा संघीय संविधान जारी भयो । संविधान निर्माणपछि दिल्ली दरबारको तर्फबाट नरेन्द्र मोदीले अघोषित नाकाबन्दी लगाए । भारतको बाटो हुँदै आउने डिजेल, मट्टितेल, पेट्रोलजस्ता आवश्यक इन्धन र दैनिक उपयोग्य सामग्री र निर्माण सामग्री बोकेका ट्रकहरु दक्षिणी सीमा नाकाहरुमा रोकिए । ओली सरकार झुकेन । उत्तरी छिमेकी देश चीनसँग दीर्घकालीन व्यापार तथा पारवहन सन्धि गरेर सामग्रीहरु ल्याइए ।

त्यति मात्र होइन नेपालको सम्प्रभुमा रहेको अपी हिमालमुनिको लिम्पियाधुरा, लिपुलेक र कालापानी जस्ता गुमेका लुटिएका भूभागको नक्सा बन्यो तिनै ओलीको प्रस्तावमा संसदले नक्सा पारित गर्‍यो । नक्सा पारितपछि नेपालको नोटमा नयाँ नक्सा राखेर छापियो । भूभाग फिर्ता गर भन्दा दिल्ली सरकार ओली सरकारसँग उल्टै चिढियो । दिल्ली सरकार मेख मार्ने निहुँको खोजीमा थियो ।

प्रचण्डजी प्रधानमन्त्री रहेको संयुक्त सरकारले अमेरिकी सहयोगका नाममा तेर्साइएको प्रस्ताव व्याख्यान मालाको त्रुप फालेर सम्झौता गर्‍यो । पछि एमाले कांग्रेसको संयुक्त सरकार गठन भयो ।

ओली प्रधानमन्त्री रहेको बेला पुनः अमेरिकाले एसपीपी सम्झौता तेर्स्याइयो । त्यो सम्झौतालाई तत्कालीन सरकारले अस्वीकार गर्‍यो । यसरी चिढिएको अमेरिका दिल्ली र पश्चिमा शक्तिले त्यो सरकारलाई ढाल्ने फाल्ने र नेताहरुको बदनाम गर्ने नियतले जेनजी नामबाट स्कूले बालबालिकालाई शरिक गराए । केही मान्छे नामारी, रगतको खोलो नबगाई त्यो सरकार र सरकारमा रहेका पार्टीहरुको बदनाम गर्नैकै लागि (टीओबीधारीहरु) अमेरिकी युथ काउन्सिलमा संगठित व्यक्तिहरु, बारबरा फाण्डेशन लागेका थिए भन्ने बुद्धिजीविहरुको विश्लेषण सार्वजनिक भनाइ छन् ।

सारतः समृद्धिको दिशातिरको अभियानमा जुट्दै गरेको बेला भाद्र २३ र २४ को घटनाले जनधनको ठूलो क्षति भएको छ । अबको केही वर्षको बजेट पुनर्निर्माणमै खर्च हुनेछ । स्वरोजगार र सुशासन दिन्छु भनेर सत्तासीन हुन आएको बालेन सरकार पूर्व जनप्रतिनिधिलाई गिरफ्तार गर्ने, अपमान गर्ने र सकेसम्म जेलमा कोच्ने तरखरमा छ । समृद्धि र निर्माणको योजना के हुने हुन् ? कहिलेदेखि हुने हुन् कसैलाई थाहा छैन । अनेपेक्षित रुपमा गरिएको निर्वाचनमा एमाले कांग्रेस र अन्य पुराना दलहरु पराजित भए । विकास सडक, नहर, पुल, सुरुङ मार्ग, मानव कल्याणकारी थिति त ती दलहरुले बाँधेकै थिए । तर मतदाताले यत्ति चाँडै किन भुले । यो लेखकले बैगुनी भन्न त भएन । मित्रहरु जापान चीनजस्ता देशहरु आफैँले बनाएर समृद्ध भए । अहिले त मालिक भएका छन् । विदेशीलाई पनि रोजगारी दिने अवस्थामा पुगे ।

हाम्रा नेपाली तन्नेरीहरुले अब देश निर्माण गर्ने होइन त ? किन सधैँ कुइरेका देशमा जाने ? अरबका खाडीमा सेंठसेंठानीको धोती लगौंटी धुन जाने ? नेपालमै काम गरे हुन्न र ?

चुनाव त आउँछ जान्छ ! चुनाव फेरि हुनेछ । लहलहैमा लागेर के उपलब्धि होला र ? आफ्नै नेता आफ्नै सरकारको बदख्वाइँ गर्नु नै उपयुक्त काम हो र ?

# मानसिक स्वास्थ्य : देखिने घाउ सजिलै निको हुन्छ, नदेखिने घाउलाई समाजले निको पार्नुपर्छ

डा प्रज्ञा सिंह

हामी गर्वका साथ भन्छौं- हामी नयाँ पुस्ता हौं, आधुनिक संसारमा बाँचिरहेका छौं । तर के साँच्चै हामी आधुनिक भएका छौंरु के हाम्रो सोचाइ बदलिएको छरु जब साथी वा परिवारका सदस्य उदास भएर हामीलाई फोन गर्छन्, कति स्वागत गर्छौं, के हामी उनीहरूको कुरा निसंकोच सुन्छौं वा 'नक्कली' पागलु भनेर खारेज गर्छौं

जब कोही आत्महत्याबाट मर्छन्, तब हामी भन्छौं -'यदि थाहा भएको भए केही गर्न सक्थें ।' तर जब उनीहरू बाँचिरहेका हुन्छन्, हामी प्रायः बेवास्ता गर्छौं ।

शारीरिक रोग लाग्दा हामी अस्पताल धाउँछौं । तर जब चिन्ता, त्रास, डिप्रेसन वा प्यानिक अट्याक हुन्छ, उपचार लिन लाज मान्छौं । यसको मुख्य कारण हो-हाम्रो समाज, सामाजिक अन्धविश्वास र पिछडिएको सौंच, भेदभावको डर । धेरै बिरामीले आफ्ना समस्या न त कसैसँग बाँड्छन्, न त अस्पताल धाउँछन् । यसरी उपचारयोग्य रोगलाई हाम्रो समाजले लज्जा र अपराधबोधमा रूपान्तरण गरिदिन्छ । कोही मानसिक रोग भएको भन्यो भने हामी 'पागल', 'बौलाहा' जस्ता शब्द प्रयोग गर्छौं । रोगलाई 'खराब कर्मको परिणामु, दुष्ट आत्माको प्रभाव' भनेर चित्रण गर्छौं ।

**मानसिक स्वास्थ्य के हो ?**

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार मानसिक स्वास्थ्य केवल मानसिक रोग नहुनु मात्र होइन, बरु यो एक सकारात्मक अवस्था हो, जसमा व्यक्ति आफ्ना क्षमताहरू पूरा गर्न, जीवनका तनावहरू सामना गर्न, उत्पादनशील काम गर्न, र समाजमा योगदान गर्न सक्षम हुन्छ । वैज्ञानिक प्रमाणहरूले देखाएका छन् कि राम्रो मानसिक स्वास्थ्यले शारीरिक स्वास्थ्य, प्रतिरक्षा प्रणाली, निर्णय क्षमता, सामाजिक सम्बन्ध र कार्यक्षमतामा प्रत्यक्ष सकारात्मक प्रभाव पार्छ । उदाहरणका लागि, मानसिक स्वास्थ्य सन्तुलित व्यक्तिहरूमा तनावको सामना गर्ने क्षमता बढी हुन्छ, डिप्रेसन र चिन्ताबाट बच्ने सम्भावना उच्च हुन्छ, र उनीहरूको जीवन गुणस्तर सुधार हुन्छ ।

सरल भाषामा भन्नुपर्दा, जब हाम्रो मन डर, निरन्तर उदासी, अनावश्यक बाध्यता वा असहायताबाट मुक्त भएर दैनिक जीवन, काम, परिवार र सामाजिक सम्बन्धमा सक्रिय र सन्तुलित रहन सक्छ, तब हामी वास्तविक रूपमा मानसिक रूपमा स्वस्थ छौं । वैज्ञानिक दृष्टिले, मानसिक स्वास्थ्य केवल उपचारको विषय होइन, जीवनको सम्पूर्ण गुणस्तर र सामाजिक योगदानसँग प्रत्यक्ष सम्बन्धित छ । मानसिक स्वास्थ्य कमजोर हुनु भनेको केवल रोग नभई, जीवनका सम्भावनाहरू सीमित हुनु हो ।

**नेपालमा मानसिक स्वास्थ्यको समस्या**

नेपालमा मानसिक स्वास्थ्यको बोझ तीव्र गतिमा बढ्दै गएको छ, जसको जरा हाम्रो सामाजिक, आर्थिक र सांस्कृतिक संरचनामा गहिरो रूपमा गाडिएको छ । तीव्र शहरीकरण, बेरोजगारी, गरिबी र असमानताले युवाहरूमा तनाव र निराशा बढाएको छ भने शैक्षिक दबाब, प्राकृतिक प्रकोप र युद्धपछिका घाउहरूले मानसिक असन्तुलनलाई अझ बल दिएका छन् । घरेलु हिंसा र लैङ्गिक विभेदले विशेषगरी महिलाहरूलाई दोहोरो चोट पुर्‍याएको छ । जहाँ उनीहरू पीडित मात्रै होइन, प्रायः दोषी ठहरिन्छन् । मानसिक रोग भएकी महिलालाई परिवारले छोडिदिने, बोक्सी भन्ने आरोप लगाउने र लाजको डरले उपचार लुकाउने घटनाले हाम्रो समाजमा मानसिक स्वास्थ्यलाई अझ अन्धकारमा धकेलिरहेको छ । यो केवल स्वास्थ्यको विषय होइन, यो हाम्रो सामाजिक चेतना, करुणा र मानवताको परीक्षा हो ।

**किन बिरामी अस्पताल जान चाहँदैनन्**

नेपालमा मानसिक स्वास्थ्य सेवामा पहुँचको अभाव र उपचारमा अनिच्छाका प्रमुख कारणहरू:

ग्रामीण क्षेत्रमा सेवा पहुँचको कमीस् धेरै गाउँ र दूरदराजका क्षेत्रमा मानसिक स्वास्थ्य सेवा पहुँच छैन, जसले बिरामीलाई स्वास्थ्य संस्थासम्म पुग्न कठिनाइ पैदा गर्छ । सामाजिक कलंक र पारिवारिक अवरोध, मानसिक रोगलाई अझै कलंक र कमजोरीको रूपमा हेरिने प्रवृत्ति छ । परिवार वा समाजको डरका कारण बिरामीले उपचार खोज्न हिचकिचाउँछन् ।

स्वास्थ्यकर्मीको तालिम र स्रोतको अभाव, प्राथमिक स्वास्थ्य केन्द्रमा पर्याप्त तालिम प्राप्त विशेषज्ञ र स्रोत नहुनुले गुणस्तरीय सेवा दिन सकिँदैन ।

सार्वजनिक र सरकारी पहलहरूको कमी, नीति र कार्यक्रम भए पनि व्यवहारमा लागू हुने स्तरमा अझै कमी छ, जसले उपचार र पहुँचमा अवरोध सिर्जना गर्छ ।

यो समस्या केवल बिरामीको होइन, हाम्रो साझा सामाजिक र स्वास्थ्य चुनौती हो, जसको समाधान स्वास्थ्य सेवा सुधार, जागरूकता र समुदाय-आधारित पहलमार्फत् गर्न सकिन्छ ।

**मानसिक स्वास्थ्यका व्यावहारिक समाधानहरू :**

प्राथमिक स्वास्थ्य सेवामा एकीकरण, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा गोपनीय कक्ष, गाइडलाइन र मनोसामाजिक समर्थन उपलब्ध गराएर मानसिक स्वास्थ्य सेवालाई सबैको पहुँचमा ल्याउनु आवश्यक छ ।

मानव स्रोत विकास, साइकियाट्रिक नर्स, काउन्सिलर, र मनोवैज्ञानिकलाई नियमित तालिम, केस स्टडी र सुपरभिजनमार्फत् सक्षम बनाउनु पर्नेछ । ग्रामीण क्षेत्रमा टेली-मेडिसिन र मोबाइल क्लिनिकमार्फत् विशेषज्ञ सेवा पुर्‍याउने व्यवस्था गर्नुपर्छ । समुदाय-आधारित सेवा, विद्यालय, कार्यस्थल र समुदायमा हेल्पलाइन, पियर सपोर्ट ग्रुप र मनोस्वास्थ्य कार्यशाला सञ्चालन गर्नुपर्छ । स्थानीय भाषा र सांस्कृतिक सन्दर्भअनुसार सूचना र सहयोग प्रणाली विकास गर्नु अति आवश्यक छ ।

कलंक न्यूनीकरण र सामाजिक दृष्टिकोण सुधार, मानसिक रोग अपराध वा कमजोरी होइन, उपचारयोग्य स्वास्थ्य समस्या हो भन्ने सन्देश समाजमा फैलाउनुपर्छ । स्कूल, मिडिया, सामाजिक र धार्मिक संस्थामार्फत् कथा-साझेदारी, प्रशिक्षण र संवाद कार्यक्रम सञ्चालन गरी सामाजिक चेतना बढाउनुपर्छ ।

मानसिक रोग कमजोरी होइन- यो पूर्णरूपमा उपचारयोग्य अवस्था हो । तर हाम्रो मौनता, अपमानजनक भाषा र समाजको बेवास्ताले हजारौं मानिस अझै अँध्यारोमा हराइरहेका छन् ।

मानसिक रोग पनि शरीरको रोग जत्तिकै वास्तविक र गम्भीर हुन्छ । यदि कसैको हड्डी भाँचियो भने हामी उनलाई तुरुन्त चिकित्सककोमा पुर्‍याउँछौं । हामी भन्दैनौं-"यो तिम्रो भाग्य हो, अब यस्तै बस ।" त्यसैगरी, मानसिक स्वास्थ्यको समस्या वा भावनात्मक पीडामा परेका व्यक्तिहरूलाई पनि सम्मान र समझदारीका साथ सहयोग र उपचार उपलब्ध गराउनु हाम्रो कर्तव्य हो । मानसिक रोग कमजोरी होइनस यो पूर्ण रूपमा उपचारयोग्य अवस्था हो । मानसिक स्वास्थ्य पनि शारीरिक स्वास्थ्य जत्तिकै वास्तविक, गम्भीर र महत्वपूर्ण हुन्छ ।

अब मौनता तोड्ने, कलंक हटाउने र मानसिक स्वास्थ्यलाई हाम्रो स्वास्थ्य प्रणालीको केन्द्रमा राख्ने समय आएको छ । सशक्त, शिक्षित र सहानुभूतिपूर्ण समाजले मात्र पीडितलाई सहयोग र आशा दिन सक्छ । किनभने, अन्ततः स्वस्थ समाज त्यतिबेला मात्र सम्भव हुन्छ, जब उसका नागरिक मानसिक रूपमा स्वस्थ हुन्छन् ।

स्वास्थ्य खबरबाट

# बाँकेमा आर्थिक गणनाका लागि ९७ कर्मचारी खटिने




राँझा (बाँके) । आगामी बैशाख २ गतेदेखि सञ्चालन हुने दोस्रो आर्थिक गणनाका लागि बाँकेमा ९७ कर्मचारी खटिने भएका छन् । बाँकेका आठ स्थानीय तहका ८१ वडामा दोस्रो आर्थिक गणनाका लागि ८६ गणक र ११ जना सुपरीवेक्षक गरी ९७ कर्मचारी खटिने जिल्ला आर्थिक गणना अधिकारी अवधेशकुमार शुक्लाले जानकारी दिए ।

उनका अनुसार गणक र सुपरीवेक्षकलाई तालिम दिनेलगायत आवश्यक सबै तयारी पूरा भएको छ । यो गणनाले मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । विसं २०७५ मा सम्पन्न पहिलो राष्ट्रिय आर्थिक गणनामा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान तथा व्यवसाय गणना गरिएको थियो । ती प्रतिष्ठानमा ३२ लाख २८ हजार ४५७ जना संलग्न रहेको तथ्याङ्क सार्वजनिक गरिएको थियो ।

"अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रलाई २१ क्षेत्रमा विभाजन गरिएको भए पनि यस राष्ट्रिय आर्थिक गणनामा १८ वटा आर्थिक क्षेत्रमा आधारभूत विवरण सङ्कलन गरिनेछ", आर्थिक गणना अधिकारी शुक्लाले भने-"यसमा दर्ता भएका वा नभएका ठूलासाना उद्योग, व्यापार-व्यवसाय, सेवा क्षेत्र, गैरसरकारी संस्था, सरकारी संस्थान, विद्यालय, अस्पताललगायत आर्थिक क्रियाकलाप गरिरहेका एकाइ समेटिने छ ।"

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस कार्यमा नागरिकस्तरबाट पनि सहयोग र समन्वय हुनुपर्ने बताए ।

# रूकुम पूर्व अस्पतालको नवनिर्मित भवन उद्घाटन



रुकुम पूर्व । लुम्बिनी प्रदेश सरकारअन्तर्गत सञ्चालनमा रहेको रुकुम पूर्व अस्पतालको नवनिर्मित भवनको उद्घाटन मुख्यमन्त्री चेतनारायण आचार्यले गरेका छन् । सिस्ने गाउँपालिका-५, रुकुमकोटमा आइतबार आयोजित एक औपचारिक कार्यक्रमकाबिच मुख्यमन्त्री आचार्यले उक्त भवन उद्घाटन गरेका हुन् । साथै, नव निर्मित भवनबाट स्वास्थ्य उपचार सेवा समेत शुभारम्भ गरिएको छ ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले दुर्गम जिल्लामा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताए । 'सर्वसुलभ रूपमा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्न जनशक्तिको अभाव हुन दिएका छैनौं । रिक्त हुँदा बित्तिकै जनशक्ति पठाउने व्यवस्था मिलाएका छौं,' मुख्यमन्त्री आचार्यले भने-'विशेषज्ञ जनशक्ति पुर्याउन केही चुनौती छन् । ती चुनौतीलाई समाधान गर्नेगरी सरकारले काम गरिरहेको छ ।'

उनले विषयगत विशेषज्ञ चिकित्सक पुर्‍याउन सरकार अघि बढ्ने स्पष्ट पारे । रुकुम पूर्वलाई उच्च प्राथमिकतामा राखेर काम गरिएको उदाहरण समेत प्रस्तुत उनले गरे । उनले पूर्वी रुकुमका सबै वडामा सडक पुर्‍याउन विगतदेखि काम भइरहेको उल्लेख गर्दै आवश्यकताअनुसार बजेटमा प्राथमिकता दिइएको बताए ।

कार्यक्रममा स्वास्थ्य मन्त्री खेमबहादुर सारुले रुकुम पूर्वलगायत विशिष्ट प्रकृतिका क्षेत्रमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर सरकारले काम गरिरहेको जनाए । उनले स्वास्थ्य संस्था तथा अस्पतालहरूलाई विशेषज्ञ चिकित्सक, उपकरण र पूर्वाधारमा बलियो बनाउनेगरी काम भइरहेको जानकारी दिए । 'दुर्गम क्षेत्रमा जनशक्ति जानै नमान्ने अवस्था थियो । तर, हामीले यो परिपाटी बदल्न सकेका छौं,' उनले भने-'अब पहिला दुर्गम, अनि बल्ल अन्यत्र पठाउने व्यवस्थापन मिलाएका छौं ।'

अस्पताल विकास समितिका अध्यक्ष लोकेन्द्र शाहको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यमा अस्पताल भवन उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा प्रदेशसभा सदस्य, राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला पक्षहरूको उपस्थिति रहेको थियो ।

प्रदेश सरकारको १४ करोड रुपैयाँ लगानीमा अस्पताल निर्माण गरिएको हो । दुर्गम क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यसहित स्थापना गरिएको यस ५) शय्याको अस्पतालले अब स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ ।

संघीयतापछि २०७४ सालमा रुकुम पूर्व छुट्टै जिल्ला बनेपछि साविकको इलाका स्वास्थ्य कार्यालयकै संरचनाबाट जिल्ला अस्पतालको सेवा सञ्चालन हुँदै आएको थियो । सीमित भौतिक संरचना र जनशक्तिका कारण अस्पतालले अहिलेसम्म मुस्किलले १५ शैयासम्म सेवा दिँदै आएको अवस्था थियो । २०७८ सालमा निर्माण सुरु भएको अस्पताल भवन निर्माण कार्य सम्पन्न भएपछि गत पुस महिनामा हस्तान्तरण गरिएको थियो ।

लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वस्थित यो अस्पताल अहिले ५० शैयाको क्षमतामा सञ्चालनमा आएको छ । हाल दैनिक करिब १०० जना बिरामीले ओपिडी सेवा लिँदै आएका छन् ।

अस्पतालबाट अन्तरङ्ग सेवा, फार्मेसी सेवा, विशेषज्ञ दन्त रोग उपचार सेवा, फिजियोथेरापी सेवा, लूयाब सेवा, एक्स-रे सेवा, सुत्केरी आमा तथा नवजात शिशु स्वास्थ्य सेवा, सुत्केरी बिरामीका लागि कुरुवा घर, आँखा स्वास्थ्यलगायतका सेवा सञ्चालन भइरहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण खरालले जानकारी दिए ।

# प्रतिलिटर ६३ रुपैयाँ अन्तरले नेपाली सवारीसाधन तेल भर्न भारत पुग्दै



**मोहम्मद हबिब**
*भैरहवा*

नेपालभन्दा सीमावर्ती भारतीय बजारमा पेट्रोलियम पदार्थको मूल्य सस्तो भएपछि रुपन्देही आसपासका नेपाली सवारीसाधन भारतमा इन्धन भर्न जान थालेका छन् ।

पेट्रोलियम पदार्थ डिजेल पेट्रोलमा धेरै अन्तर हुन थालेपछि नेपाली सवारीसाधनहरु भारततर्फ जाँदा नेपालका पेट्रोल पम्पको व्यवसाय घटेको छ । सुनौली नौतनवा आसपासका आधा दर्जन बढी पेट्रोल पम्पमा तेलको खपत बढेपछि उनीहरुले पनि मौकाको फाइदा उठाउँदै नेपालीलाई पम्पमा तेल दिन अनाकानी गरी कालोबजारीमार्फत् कारोबार गर्न सुरु गरेका छन् । कति पय पम्पले नेपाली गाडीमा तेल नहाल्ने बताइरहँदा पहुँचको आधारमा तेलहरु भर्ने गरेका छन् । केहीले बढी पैसा लिएर र केहीले थोरै मात्रामा तेल दिइरहेको गुनासो गरेका छन् । नेपाली पैसा दिँदा बढी पैसा लिने, तेल पनि कम दिइरहेको एक नेपालीले बताए ।

सीमापारि मूल्य सस्तो भएपछि इन्धन भर्न ढुवानी तथा साना सवारीसाधन उतै जाने गरेका छन् । औद्योगिक घरानाका गाडीहरू समेत इन्धन भर्न सीमा पारि जाने गरेको छ, यसले अर्थतन्त्रमा असर गर्न सक्ने चिन्ता व्यक्त गरिएको छ । उता सस्तो भएपछि पेट्रोलियम पदार्थको भन्सार छलेर खुला सिमानाबाट अवैध आयात हुन थालेको र सिमावर्ती जिल्लाका पम्पहरुको व्यवसाय घटेको नेपाल पेट्रोलियम डिलर व्यवसायीले सुनाए ।

सीमावर्ती क्षेत्रमा रहेको मूल्य अन्तरका कारण व्यवसाय कम हुन थालेकोले यहाँका पम्पहरूको बिक्री ठप्प जस्तै भएको पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष हिमाल गैरेले बताए । पेट्रोलियम पदार्थको मूल्यअन्तरले कारोबार खुम्चिँदै जान थालेको छ । पहिलेको तुलनामा धेरै करोबार घटेको उनले जनाए ।

गैरेका अनुसार आयल निगम अहिले ठुलो घाटामा छ । निगमले नै इन्धन कम खपत गरिदिन अपील गरिरहेको अवस्थामा, नेपाली उपभोक्ताले भारतमा गएर तेल भर्दा निगमको घाटा कम हुने र निगम जोगिने उनले तर्क गरे ।

इन्धनको मूल्य बढे पनि व्यवसायीको कमिसन नबढेकाले सस्तो र महँगोमा तेल बिक्दा पनि आफूहरूलाई खासै फरक नपर्ने उनले बताए । बरु आयल निगम बचे मात्रै आफ्नो व्यवसाय पनि पछि जोगिने उनको भनाइ छ । समग्रमा उपभोक्ता आफैँ सीमापारि गएर तेल भर्नुलाई व्यवसायीले स्वाभाविक मानेका छन्, तर त्यहाँबाट तेल ल्याएर नेपालमा अवैध रूपमा तस्करी गरेर बेच्न नहुनेमा उनले जोड दिए । नेपालमा तेल उत्पादन नहुने र पैसा जसरी पनि विदेश नै जाने हुँदा, कम्तीमा उपभोक्ताले सस्तोमा तेल पाउनुलाई उनले सकारात्मक रूपमा लिनुपर्ने बताए ।

यतिबेला भारतीय पम्पहरुमाभन्दा नेपालमा पेट्रोल, डिजेलमा प्रति लिटर ६३ रुपैयाँ मूल्य बढी छ । सीमावर्ती भारतमा पेट्रोलको मूल्य प्रतिलिटर १ सय ५३ नेपाली रुपैयाँ र डिजेल १ सय ४० रुपैयाँ छ । नेपालका पम्पमा भने पेट्रोल प्रतिलिटर २ सय १७ र डिजेल २ सय ४ रुपैयाँ छ । मूल्यमा भएको फरकले तराईका क्षेत्रका सडक किनारामा मिनरल वाटरको बोतलमा पेट्रोल र ग्यालेनमा डिजेल बिक्रीका लागि राख्ने गरिएका छन् । अहिले नेपाली ट्रक, निजी जीप कार, मोटरसाइकल भारतीय पम्पमा पुगेर फर्किने गरेका छन् ।

भलबारी डिपोका प्रबन्धक सुरेन्द्र विस्टले हालसम्म नेपाल आयल निगमको औसत बिक्री मा खासै गिरावट नदेखिएको बताए । यद्यपि, अर्को हप्ताको तथ्याङ्क आएपछि मात्र वास्तविक प्रभाव थाहा हुने उनको भनाइ छ । इन्धनको आपूर्ति प्रणालीको हकमा निरन्तर भइरहेको छ, आपूर्तिमा कुनै समस्या छैन अमलेखगञ्ज र भारतबाट नियमित रूपमा तेल आइरहेको छ र नेपालमा पर्याप्त मौज्दात रहेको उनले जनाए ।

भारतीय पेट्रोल पम्पहरूले नेपाली गाडीहरूलाई तेल दिँदा कतै कोटा प्रणाली लगाएका छन् भने कतै बढी मूल्य लिएर लुकिछिपी तेल दिने गरेको पाइएको छ । अवैध तरिकाले पनि तेलको बिक्री सुरु गरिएको छ ।

औद्योगिक कच्चा पदार्थ र व्यापारिक सामान ढुवानी गरेर नेपाल आउने भारतीय मालवाहक गाडी तथा भन्सार सुविधामा नजिकको नेपाली बजारसम्म आउने भारतीय मोटरसाइकल, जीप, कार भ्यानलगायतका सवारी साधनले भारतबाटै ट्यांकी भरेर नेपाल आउने गर्छन् ।

यसरी नेपाल आउने कतिपय भारतीय सवारीसाधनले नेपालमा आएर ट्याङ्कीमा ल्याएको तेल बिक्री गर्ने गरेको र अवैध कारोबार बढेको पाइएको छ ।

वारिपारि तेलको भाउ घटबढ भइरहन्छ । यसको प्रत्यक्ष फाइदा सीमावर्ती क्षेत्रका बासिन्दाले उठाउँदै आएका छन् । वारि तेल सस्तिँदा पारिबाट आएर तेल भर्ने र पारि तेलको मूल्य घट्दा वारिबाट तेल भर्न जाने चलन छ । यसले गर्दा कतिपय साना र दुईपांग्रे सवारी तेल भर्न नजिकको भारतीय बजार पुग्छन् । मालबाहक भारतीय गाडीले अतिरिक्त ट्याङ्कीमा समेत तेल भरेर यसको फाइदा लिने गरेका छन् ।

भारतमा घटेको तेलको भाउका कारण राजस्व संकलनमा पनि प्रत्यक्ष असर भन्सार लक्ष्यमा पनि असर पर्ने देखिन्छ । भैरहवा भन्सार कार्यालयका प्रमुख हरिहर पौडेलले पेट्रोलियम पदार्थको दैनिक आपूर्ति पहिला जस्तै सरदरमै रहे पनि भन्सार दरमा छुट दिँदा राजस्वमा समेत असर पर्ने बताए । पेट्रोलियमको आयात घटेसँगै राजस्व असुलीमा प्रत्यक्ष असर पुग्ने उनले बताए ।

# नयाँ वर्ष २०८३ मा शुभकामना आदानप्रदान कार्यक्रम




परासी । नयाँ बर्ष २०८३ शुभकामना आदानप्रदान कार्यक्रम नेपाल रेडक्रस सोसाईटी पालिका शाखा र उपशाखा बिच तथा नयाँ वर्ष २०८३ शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी रामग्राम पालिका शाखा नवलपरासीको पालिका शाखा र उपशाखा बिच तथा नयाँ बर्ष २०८३ शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो ।

नेपाल रेडक्रस सोसाइटी रामग्राम पालिका शाखा नवलपरासीका संयोजक सन्दीप अग्रहरिको अध्यक्षता तथा रामग्राम नगरपालिकाको नगरप्रमुख धनपत यादवको प्रमुख आथिथ्यतामा भएको कार्यक्रम यादवले रेडक्रसले मानवीय सेवा दिने संस्था भएकोले रेडक्रसमा निःस्वार्थ भावनाले गर्ने संस्था भएको बताए ।

उनले रेडक्रस पालिका शाखासँग नगर सहकार्य गरेर काम गर्ने र विपत उद्धारमा सहजीकारण गर्ने बताए । उनले नयाँ वर्ष २०८३ शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका जिल्ला सदस्य तथा विपद् व्यवस्थापन समितिका संयोजक अर्जुनबहादुर क्षेत्रीले देशमा तीन तहको सरकार स्थापना भएपछि र संघीयता आएपछि रेडक्रस पनि सोही अनुरूप पालिकाहरूमा संरचना भएको बताए । उनले रेडक्रस अहिले पालिकाहरूमा संघीयताअनुसार नेपाल रेडक्रस सोसाइटी पालिका शाखा गठन गरिएको क्षेत्रीले जानकारी दिए ।

नागरिक समाजका अध्यक्ष बेचु गौड ,पत्रकार मोहन पौडेल, नेपाल रेडक्रस सोसाईटी रामग्राम पालिका शाखा नवलपरासीका सचिव बलिराम यादवले शुभकामना मन्तव्य राखेका थिए ।

# लागुऔषध दुरूपयोग नियन्त्रण अभियान सम्पन्न



देवदह । रुपन्देहीको देवदहमा एक दिने लागुऔषध दुरुपयोग नियन्त्रण अभियान कार्यक्रम सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय रुपन्देहीको आयोजना र देवदह नगरपालिकाको व्यवस्थापनमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा बोल्ने वक्ताहरुले लागुऔषधकर्ताहरुलाई कानुनी कार्बाही गरेर मात्र न्यूनीकरण हुन नसक्ने बताउँदै न्यूनीकरणको लागि सचेतना कार्यक्रम गर्न आवश्यक रहेको बताएका थिए । उनीहरुले प्रयोगकर्तालाई भन्दा लागुऔषध कारोबार गर्नेहरुलाई कानुनी कार्बाही गर्नुपर्ने बताउँदै लागुऔषधको विषयमा स्थानीय पाठ्यक्रममा समावेश गरेर जानु पर्नेमा जोड दिएका थिए ।

सोही अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले लागुऔषध दुर्व्यसनीका कारण समाजमा अपराधिक घटनाहरु हुने गरेको बताए । उनले खुल्ला सिमानाकाका कारण यस क्षेत्र लागुऔषधको हवको रुपमा विकास भएको भन्दै लागुऔषध नियन्त्रणको लागि सबैको सहकार्य आवश्यक रहेको जनाए ।

नगर प्रमुख खरेलले सामाजिक रुपमा चेतना विना लागुऔषध न्यूनीकरण हुन नसक्ने बताए । उनले अपराध नियन्त्रण गर्न प्रहरी प्रशासनको महत्वपूर्ण भूमिका रहेको बताउँदै त्यसको लागि देवदहमा इलाका प्रहरी कार्यालय स्थापना हुन आवश्यक रहेको औंल्याए ।

कार्यक्रममा जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीका जिल्ला न्यायाधिवक्ता प्रकाश मरासिनीले नेपालमा लागुऔषध दुरुपयोग, प्रभाव, कारण र कानुनी व्यवस्था विषयमा कार्यपत्र प्रस्तुत गर्दै लागुऔषध नियत्रणको लागि मानवीय सचेतना आवश्यक रहेको बताए । उनले अपराधिक घटना न्यूनीकरणको लागि लागुऔषध नियन्त्रण हुन आवश्यक रहेकोमा जोड दिए ।

देवदह प्रहरी चौकीका प्रमुख प्रहरी निरीक्षक भिमसेन विष्टले लागुऔषधका नकरात्मक असरको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । उनले खुल्ला सिमानाका कारण लागुऔषध नियन्त्रणमा समस्या रहेको बताए ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीका निमित्त प्रमुख जिल्ला अधिकारी मेघराज पाध्यको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रवक्ता गणेश डुम्रे, केरवानी माविका प्रधानाध्यापक निर्मल ढुंगानालगायतले बोल्दै लागुऔषधका कारण समाजमा अपराधिक गतिविधि बढिरहेकोले यसको नियन्त्रणको लागि सबै एकताबद्ध भएर लाग्नु पर्नेमा जोड दिएका थिए ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रशासकीय अधिकृत विष्णुप्रसाद ज्ञवालीको सञ्चालनमा भएको कार्यक्रममा जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक, टोल विकास संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# ध्रुवतारा क्लबले चौपारी बनाउँदै



तिलोत्तमा । ध्रुवतारा क्लबले तिलोत्तमा वडा नं. १ प्रेमनगर चोकमा स्थानीय र आगन्तुक यात्रुको सुविधाका लागि चौपारी निर्माण थालेको छ ।

क्लबका अध्यक्ष बाबुराम देवकोटाको नेतृत्वमा श्रमदान गरेर चौपारी निर्माण गर्न लागिएको हो ।

करिब ८ लाख रुपैयाँ लागतमा जस्तापाताको छानोसहितको पक्की चौपारी बन्न लागेको हो । चौपारीमा चीसो र तातो खानेपानी उपलब्ध हुने मेशिन पनि जडान हुने क्लबका अध्यक्ष देवकोटाले जानकारी दिए ।

क्लबले सामाजिक उत्तरदायित्व वहन गर्दै चौपारी निर्माण गरेको सचिव लक्ष्मण खरेलले बताए ।

चौपारी निर्माणमा आर्थिक सहयोग जुटाउने काम भइरहेकाले इच्छुक समाजसेवीँग सहयोगका लागि आग्रह गरेका छन् । करिब सय जना सदस्य रहेको क्लबले सडक खाल्डाखुल्डी पुर्ने तथा नाली सफा गर्ने काम स्वयंसेवीरुपमा गर्दै आएक छन् ।

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# होटल व्यवसायी महासंघको अध्यक्षमा भण्डारी र महासचिवमा महोत्रा





बुटवल। होटल व्यवसायी महासंघ नेपालको पाँचौं महाधिवेशनले तुल्सीराम भण्डारी 'शंकर'को नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ। चैत २७ र २८ गते पोखरामा सम्पन्न महाधिवेशनले ६७ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो। भण्डारी यसअघि महासंघका महासचिव थिए।

महासंघको वरिष्ठ उपाध्यक्षमा सन्तोष उप्रेती, उपाध्यक्ष मोदनाथ बेल्बासे, शैलेस कार्की, प्रशासन उपाध्यक्षमा ज्ञानु गजमेरलगायत निर्वाचित भएका छन्।

महासचिवमा राजेश महोत्रा (भैरहवा), उप-महासचिवमा मित्र ढकाल, सचिवमा लालबहादुर केसी (बुटवल), कोषाध्यक्षमा कृष्ण श्रेष्ठ तथा सहकोषाध्यक्षमा लक्ष्मण भण्डारी र प्रशासन सचिवमा रमेश बराल चयन भएका छन्। कार्यसमिति सदस्यहरूमा विष्णुप्रसाद घिमिरे, लेखनाथ भण्डारी (बुटवल), रामप्रसाद पोखरेल, शिवराज पोखरेल , शैलेन्द्र विक्रम थापा, ऋषि चौलागाईं, तिलक चापागाईं, रेनुका याक्सो लिम्बुलगायत निर्वाचित भएका छन्।

नयाँ नेतृत्व चयनसँगै महासंघले होटल तथा पर्यटन क्षेत्रलाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाउने महासचिव राजेश महोत्राले बताए।

पर्यटन क्षेत्र देशको अर्थतन्त्रको महत्वपूर्ण आधार भएकाले यसको विकास, प्रवर्द्धन र व्यवस्थापनमा नयाँ नेतृत्वको भूमिका थप जिम्मेवार रहने महोत्राले बताए। 'नीतिगत सुधार, गुणस्तरीय सेवा विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा प्रभावकारी पहल गर्नुपर्ने दायित्व अहिलेको नेतृत्वमाथि आएको छ।'-महासचिव महोत्राले भने।

# राप्रपाको असन्तुष्ट पक्षद्वारा लिङ्देन नेतृत्वको समिति भंग गर्न माग



बुटवल। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को असन्तुष्ट पक्षले अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वको समितिलाई भंग गर्न माग गरेको छ।

महामन्त्री धवलशमशेर राणा पक्षधरको आइतबार कान्तिपथमा बसेको बैठकले वर्तमान समिति भंग गरेर महाधिवेशन आयोजक समिति बनाउन माग गरेको हो। अध्यक्ष लिङ्देनसँग तीन बुँदे माग राख्दै महाधिवेशन गर्न निष्पक्ष व्यक्तिको संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गर्नुपर्ने निर्णय गरिएको छ। केन्द्रीय महाधिवेशनको मिति एक हप्ताभित्र घोषणा गर्न समेत माग गरिएको छ।

निर्वाचनबाट प्राप्त नतिजाको विश्लेषण गरेको राणा पक्षधरको बैठकले पार्टी 'सच्चिने कि सकिने' गम्भीर अवस्थामा रहेको विश्लेषण गरेको छ। महाधिवेशनको माग गर्दै भनिएको छ-'केन्द्रीय महाधिवेशनबाट ताजा जनादेश प्राप्त गर्नुबाहेक उत्तम विकल्प राप्रपासँग छैन। केन्द्रीय कार्यसमितिको नियमित चार वर्षे कार्यकाल सम्पन्न भएर पार्टी हाल अतिरिक्त अवधिमा छ। पार्टीले म्याद थप गर्ने निर्णय गर्दा २०८३ जेठभित्र महाधिवेशन सम्पन्न गर्ने निर्णय भएको जगजाहेर छ।'

निर्वाचन पूर्व भएको केन्द्रीय समितिको वैठकमा अध्यक्ष राजेन्द्र लिङदेनले चुनावी प्रक्षेपण बारे बोलेको कुरालाई समेत ध्यानाकर्षण गराइएको छ। लिङ्देनको तत्कालीन बोली स्मरण गराउँदै असन्तुष्ट पक्षले भनेको छ-'मलाई खेल्न दिनुहोस्, राप्रपालाई देशको पहिलो पार्टी बनाउँछु भन्नुभएको थियो, पार्टीको पक्षमा अकल्पनीय नतिजा प्राप्त हुने बताउनुभएको थियो। निश्चितरुपमा नतिजा त अकल्पनीय नै प्राप्त भयो तर, नकरात्मक रुपमा।'

निर्वाचनमा पराजयको समीक्षा नगरिएको प्रति अध्यक्ष लिङ्देन माथि असन्तुष्ट पक्षले प्रश्न उठाएको छ। शर्मनाक पराजयको कुनै लेखाजोखा र नैतिक जिम्मेदारी वहन नगरिएको भन्दै राणा पक्षले आपत्ति जनाएको छ। बैठक पछिको निर्णयमा भनिएको छ-'संकट र चिन्ताको यस घडीमा केन्द्रबाट दिशानिर्देश हुन्छ भनेर प्रतिक्षारत देशभरीका पार्टीपंक्तिको हात रित्तो छ। शून्यताबीच लाखौं कार्यकर्ता र पार्टीकै भविष्यलाई लिएर गम्भीर प्रश्न कायम छ। यसैबिच नेता, कार्यकर्ताहरुबाट पार्टी जिम्मेवारी र पार्टी सदस्यता परित्याग गर्ने क्रम जारी छ।'

उप-सभामुख पदमा उम्मेदवारी दिएको प्रति पनि संस्थापनइतरले असन्तुष्ट व्यक्त गरेको छ। निर्वाचनको आलो घाउमा उपसभामुखको निर्वाचन त झन् नूनचूक दलेसरह भएको टिप्पणी गरिएको छ।

उपसभामुख पदमा उम्मेदवारी दिएबाट राप्रपामाथि निष्ठा र सैद्धान्तिक आधारमा प्रश्न मात्र उठेको असन्तुष्ट पक्षले जनाएको छ। उपसभामुखको उम्मेदवारी बारे केन्द्रीय समिति / कार्यसम्पादन समितिमा छलफल नगरिएको प्रति आपत्ति जनाइएको छ। यो कार्यमा विधि, पद्धति, प्रजातान्त्रिक अनुशासन र जिम्मेवारीबाट पार्टी र नेतृत्व पूर्ण चुकेको निष्कर्ष संस्थापन पक्षले निकालेको छ।

# उद्यान संरक्षण र विकास सबैको दायित्व : श्रेष्ठ

बुटवल। सामुदायिक पहलमा स्थापना भई सञ्चालनमा रहेको बुटवल हिलपार्क परिषद्को १२औं साधारणसभा सम्पन्न भएको छ। तत्कालीन बुटवल नगरपालिकाको अगुवाइमा २०५७ सालमा स्थापना गरिएको परिषद्ले उद्यान संरक्षण र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। २०७० सालमा नेपाल सरकारमा विधिवत दर्ता भै सञ्चालनमा आएको हिलपार्क स्थानीय समुदायका लागि बिहान साँझ घुम्ने, टहलिने स्थानका रुपमा परिचित छ।

साधारणसभाको उद्घाटन गर्दै लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले सभ्य र व्यवस्थित सहरको पहिचान स्थापित गर्न उद्यान तथा पार्कहरूको संरक्षण र विकास अपरिहार्य रहेको बताए। उनले उद्यानहरूको दिगो व्यवस्थापनका लागि तीनै तहका सरकार र स्थानीय समुदायबिच सहकार्य आवश्यक रहेकोमा जोड दिए।

पूर्व नगर प्रमुखसमेत रहेका श्रेष्ठले पार्कहरू केवल मनोरञ्जनका साधन मात्र नभई शारीरिक र मानसिक स्वास्थ्यका लागि पनि अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे।

साथै, आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यले स्थापना गरिएको हिलपार्कले अपेक्षाअनुसार पर्यटक भित्र्याउन नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे।

कार्यक्रममा प्रदेशसभा सदस्य एवं पाण्डे सेवा समाजका अध्यक्ष चिन्तामणि पाण्डेले समुदायस्तरबाट भएको लगानीको उचित मूल्यांकन हुन नसकेको गुनासो गरे। उनले आवश्यक नीति निर्माण, निर्णय प्रक्रिया सहज बनाउने र देखिएका बाधा-अवरोध हटाउन सबै पक्षको सक्रियता आवश्यक रहेको जनाए।

त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रुपन्देहीका कार्यवाहक सभापति आशिष न्यौपानेले देश नयाँ जनादेशसहित अघि बढिरहेको उल्लेख गर्दै आर्थिक, सामाजिक तथा सामुदायिक विकासका लागि राजनीतिक दलहरूबिच सहकार्य अपरिहार्य रहेको धारणा राखे। उनले नयाँ-पुराना भन्ने विभाजनकारी सोंच त्यागेर सहकार्यको वातावरण बनाउन आग्रह गरे।

बुटवल हिलपार्क परिषद्का अध्यक्ष टंकप्रसाद पराजुलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल उद्यान महासंघका अध्यक्ष खेमप्रसाद लुइँटेल, औषधि व्यवसायी संघका अध्यक्ष बाबुराम भट्टराई, परिषद्का उपाध्यक्षहरू कृष्णप्रसाद पाण्डे र बोनिन पिया, महासचिव उमाकान्त बस्याल, कोषाध्यक्ष राजेन्द्र ढकाललगायतले उद्यान व्यवस्थापनका चुनौती र समाधानका उपायबारे आ-आफ्ना धारणा राखेका थिए।

कार्यक्रममा अध्यक्ष, महासचिव र कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनहरू छलफलपछि सर्वसम्मत रूपमा पारित गरिएको परिषद्ले जनाएको छ। सो अवसरमा पार्कलाई व्यवस्थित र सुसज्जित गर्न सहयोग पुराउने व्यक्ति तथा संघसंस्था र उत्कृष्ठ कर्मचारीहरुलाई सम्मान गरिएको अध्यक्ष टंक पराजुलीले बताए।

रूपन्देही सुपरलिगः

# बुद्ध क्रिकेट क्लब 'ए' डिभिजनमा




भैरहवा। बुद्ध क्रिकेट क्लब भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताको 'ए' डिभिजनमा उक्लिएको छ। 'बी' डिभिजनको आइतबारको खेलमा साई ग्लोबल क्रिकेट क्लबलाई ८ विकेटले हराउँदै बुद्ध 'ए' डिभिजनमा बढुवा भएको हो।

सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको साई ग्लोबलले २५ ओभर ३ बलमा सबै विकेट गुमाएर जम्मा ९० रनको झिनो लक्ष्य खडा गर्यो। उसलाई सस्तैमा रोक्न बुद्धका अनुज चौहानले ७ ओभर ३ बलमा ३ मेडनसहित ११ रन खर्चेर महत्वपूर्ण ६ विकेट हात पारे। यस्तै, प्रवेज आलमले २ तथा सुरज गुरुङले १ विकेट लिए। साई ग्लोबलका अजय चाईले ३३, बासुदेव यादवले १५ र जितेन्द्र केवटले १० रन बनाए।

जवाफी ब्याटिङ गरेको बुद्धले १४ ओभर १ बलमा २ विकेटको नोक्सानीमा ९३ रन बनाउँदै सहजै जित निकालेर 'ए' डिभिजनमा बढुवा भयो। उसको जितमा सुरज पौडेलले अविजित ५३ र साहिल पटेलले १७ रनको योगदान गरे। बलिङमा साई ग्लोबलका जितेन्द्र केवटले २ विकेट लिए। खेलमा अनुज चौहान प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन्। यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए। प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग वाणिज्य संघले प्रायोजन गरेको छन्।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट ब्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन्।

# खुल्ला बी लेभल भलिबलको उपाधि ड्राइभरटोल क्लबलाई



बुटवल। तिलोत्तमा नगरपालिकाको ड्राइभरटोलमा आयोजित खुल्ला बी लेभल भलिबल प्रतियोगिताको उपाधि आयोजक ड्राइभरटोल भलिबल क्लबले जितेको छ।

ड्राइभरटोल भलिबल क्लबले आयोजना गरेको पहिलो संस्करणको प्रतियोगितामा तिलोत्तमा ८ भलिबल क्लबलाई फाइनलमा पराजित गर्दै आयोजक नीलो टिमले उपाधि जितेको हो।

प्रतियोगितामा तिलोत्तमा ८ टिम उप-विजेता, मणिमुकुन्द भलिबल क्लब तेस्रो र आयोजक ड्राइभरटोल भलिबल क्लब सेतो सान्त्वना भएका छन्। विभिन्न जिल्लाका २६ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले ३० हजार ५५५, उपविजेताले २० हजार ५५५, तेस्रोले १ हजार ५५५ नगद पुरस्कार प्राप्त गरेका आयोजक क्लबका अध्यक्ष देव रानाले जानकारी दिए।

यस्तै विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पनि पुरस्कृत गरिएको थियो। प्रतियोगिता सम्पन्न गर्न क्लबका सल्लाहकार एवं समाजसेवी ड्राइभरटोल निवासी लक्ष्मण मल्लले खेल मैदान निःशुल्करुपमा उपलब्ध गराउनुका साथै अन्य व्यवस्थापन पक्षमा समेत सहयोग गरेका थिए। प्रतियोगिता समापनका अवसरमा मल्लगायतलाई आयोजकले सम्मान गरेका थिए। आगामी वर्षमा प्रतियोगितालाई थप व्यवस्थित बनाइने अध्यक्ष देव रानाले बताए।

हार्दिक धन्यवाद !



यही चैत्र १४ गते सम्पन्न पाल्पा उद्योग वाणिज्य संघको निर्वाचनमा अध्यक्ष पदमा मलाई निर्वाचित गराउन आफ्नो अमूल्य मत प्रदान गर्नुहुने सम्पूर्ण व्यवसायी साथीहरुमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, संघको विभिन्न पदमा निर्वाचित हुनुहुने सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गराउन सफल हुनुहुने निर्वाचन समिति प्रति हार्दिक साधुवाद व्यक्त गर्दछु। यस संघलाई यहाँसम्म पुऱ्याउन महत्वपूर्ण योगदान दिनुहुने सम्पूर्ण पूर्व अध्यक्ष, पूर्व पदाधिकारी तथा सदस्यज्यूहरूप्रति उच्च सम्मान प्रकट गर्दछु। लोकतान्त्रिक मूल्य र मान्यताअनुसार सम्पन्न भएको यो निर्वाचनले हाम्रो संस्थाको गरिमा अझ उच्च बनाएको छ। पाल्पा उद्योग वाणिज्य संघ हामी सबैको साझा संस्था हो। व्यवसायीहरूको हक-हितको संरक्षण, प्रवर्द्धन तथा संस्थाको समग्र विकासका लागि तपाईंहरूले सुम्पिनुभएको जिम्मेवारीलाई म इमानदारी, कुशलता र रचनात्मक ढंगले निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

तपाईंहरूको निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा गर्दै सम्पूर्णमा पुनः हार्दिक आभार व्यक्त गर्दछु

समिर मान सिंह
नवनिर्वाचित अध्यक्ष
पाल्पा उद्योग वाणिज्य संघ
तानसेन, पाल्पा

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com